नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

☎०८३-५२०१२१
५२०१२२
५२०१२३

## जिल्ला प्रशासन कार्यालय सुर्खेतद्वारा जारी सूचना

गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरवार काठमाडौंको च.नं. ४८४, मिति २०८२/०७/०९ गतेको प्राप्त पत्रानुसार यस जिल्लामा सार्वजनिक प्रदर्शन, र्‍याली, सभाजस्ता कार्यक्रम गर्नु परेमा तपसिल बमोजिमको कार्यक्रम गर्न स्वीकृती पाउँ भन्ने निवेदनको ढाँचा र आयोजकले पालना गर्नुपर्ने शर्तहरु सहित पूर्व स्वीकृती लिई मात्र त्यस्ता कार्यक्रमहरु गर्नुहुन सरोकारवाला सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ।

तपसिल

मितिः २०८२/.../...

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सुर्खेत।

**विषयः सभा/जुलुस/र्‍याली/प्रदर्शनको कर्यक्रम गर्न स्वीकृती पाउँ।**

उपर्युक्त सम्बन्धमा स्वतन्त्रताको हक अन्तर्गत शान्तिपूर्वक भेलाजम्मा हुन पाउने संविधानप्रदत्त अधिकारको उपभोग गर्दै म/हामी आयोजक भई देहाय बमोजिमको कार्यक्रम सञ्चालन गर्न गइरहेको व्यहोरा जानकारी गराउँदै तल उल्लेखित विवरण र सम्बद्द कागजातहरु संलग्न गरी उक्त कार्यक्रम गर्न स्वीकृति पाउँ भनी यो निवेदन पेश गर्दछु।

तपसिल

| क्र.सं. | कागजात | विवरण | कैफियत |
|---|---|---|---|
| १ | कार्यक्रम आयोजक संस्थाको नाम र ठेगानाः | | |
| २ | संस्था दर्ता नम्बर, दर्ता नविकरण भएको मिति र दर्ता रहेको कार्यालयः | | |
| ३ | संस्थाको प्रकृति | नाफामूलक वा गैरनाफामूलक, सरकारी वा गैरसरकारी, राजनीतिक/ पेशागत/ अनौपचारिक/ अन्य | |
| ४ | कार्यसमितिका सदस्यहरुः | | |
| | नाम | ठेगाना | मोबाइल नं. |
| | | | |
| ५ | कार्यक्रमको उद्देश्य | | |
| ६ | कार्यक्रम गर्न चाहेको स्थान | | |
| ७ | कार्यक्रमको मिति/समय र अवधि | | |
| ८ | प्रयोग हुने क्षेत्र/मार्ग र समय | | |

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

☎०८३-५२०१२१
५२०१२२
५२०१२३

| | | | |
|---|---|---|---|
| ९ | अनुमानित सहभागी संख्या | | |
| १० | अनुमानित स्वयमसेवक संख्या | | |
| ११ | प्रमुख वक्ताहरुको नाम | १.<br>२.<br>३.<br>४.<br>५. | |
| १२ | वितरण गर्ने सामग्रीः | | |
| १३ | कार्यक्रममा प्रयोग गरिने ध्वनी प्रसारण यन्त्र/सञ्चार प्रसारण यन्त्र/उपकरण | | |
| १४ | अनुमति माग गर्न आएको व्यक्तिको: | | |

| नाम | मोबाइल नं. | स्थायी ठेगाना | हालको बसोबास ठेगाना | आयोजक संस्था/दलको पदीय जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |

| | |
|---|---|
| १५ | कार्यक्रमका लागि समन्वयकर्ता/जिम्मेवार सम्पर्क व्यक्तिः |

| नाम | मोबाइल नं. | स्थायी ठेगाना | हालको बसोबास ठेगाना | आयोजक संस्था/दलको पदीय जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |

| | |
|---|---|
| १६ | कार्यक्रममा कुनै अन्य समूह वा संघसंस्थाको सहयोग वा समर्थन रहेको वा हुनेभए सोसमेत खुलाउने। |

<u>संलग्न कागजातहरु:</u>

१. संस्थाको आधिकारिक पत्र, संस्था दर्ता प्रमाणपत्र र संस्था नविकरण वा अध्यावधिक गरिएको पत्र।

२. सम्पर्क व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

**निवेदन गर्ने**

दस्तखतः

नामथरः

वतनः

फोन नं.

जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
☎०८३-५२०१२१
५२०१२२
५२०१२३

## सार्वजनिक प्रदर्शन, ऱ्याली, सभा जस्ता कार्यक्रम गर्दा आयोजकले पालना गर्नुपर्ने शर्तहरु

१. कार्यक्रम शान्तिपूर्ण, अहिंसात्मकरूपमा गर्नुपर्नेछ। सार्वजनिक शान्ति सुव्यवस्थामा कुनै प्रकारको बाधा पुऱ्याउन पाईने छैन।

२. कार्यक्रम गर्दा आम नागरिकको अधिकार हनन् नहुने गरी गर्नुपर्नेछ। सार्वजनिक आवागमनमा अवरोध वा अन्य कुनै प्रकारको वाधा व्यवधान गर्न पाईने छैन। साथै सार्वजनिक सेवा प्रवाह, अमनचैन र शान्ति सुरक्षाको स्थितिलाई चुनौती दिने, भड्काउवादी कुनैपनि प्रकारको गतिविधि गर्न पाईने छैन।

३. कार्यक्रममा नावालक, विद्यालय पोशाकका विद्यार्थी र विदेशी नागरिकहरूको प्रयोग गर्न पाईने छैन।

४. कार्यक्रम गर्दा कुनैपनि प्रकारको हातहतियार, विस्फोटक पदार्थको प्रदर्शन एवम् प्रयोग गर्न पाईने छैन। अनुमति लिएर कार्यक्रममा प्रयोग गरिने ध्वनी प्रसारण यन्त्र/सञ्चार प्रसारण यन्त्र/उपकरण बाहेक अन्य कुनै प्रकारको रेडियो सञ्चार सेटको प्रयोग गर्न पाइने छैन।

५. कार्यक्रममा राष्ट्रिय झण्डाको दुरूपयोग गर्न पाइने छैन।

६. कार्यक्रम गर्दा सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमा कुनैपनि प्रकारको हानी नोक्सानी गर्न पाईने छैन। सार्वजनिक र निजी सम्पत्तिको हानी नोक्सानी भएमा क्षतिको मूल्याङ्कन गरी प्रचलित कानून बमोजिम आयोजकबाट क्षतिपूर्ति भराइने छ।

७. कार्यक्रम गर्दा सार्वजनिक स्थानमा फोहोर गर्न पाइने छैन र कार्यक्रमका क्रममा भएको फोहोरको उचित व्यवस्थापन आयोजकले नै गर्नु गराउनु पर्नेछ।

८. प्रमुख जिल्ला अधिकारीले तोकेको वा उपलब्ध गराएको स्थानमा मात्र कार्यक्रम गर्नुपर्नेछ। स्थानीय प्रशासनले निषेधित क्षेत्र घोषणा गरेका स्थानहरूमा कार्यक्रम गर्न पाइने छैन। सोही आदेशको पालना गर्नुपर्ने छ।

९. कार्यक्रममा आयोजक र सहभागि बाहेकका अन्य अनधिकृत व्यक्तिको घुसपैठ गर्न दिनुहुँदैन। घुसपैठ भएमा वा आयोजकको उद्देश्य विपरीतका कार्य हुन थालेमा आयोजकले समन्वयकर्तामार्फत तत्काल सो कुराको जानकारी स्थानीय प्रशासनलाई गराई कार्यक्रम स्थगन गर्नुपर्नेछ।

१०. मन्तव्य राख्दा वक्ताहरूले मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, साम्प्रदायिक सद्भावमा खलल पुर्ने गरी अश्लिल शब्द, वाणी लगायत घृणाजन्य अभिव्यक्ति वा व्यवहारको प्रयोग एवम् प्रदर्शन गर्न पाईने छैन।

११. कार्यक्रम गर्नुभन्दा कम्तिमा तीनदिन अगावै आयोजकले स्थानीय प्रशासनमा अनुमतिका लागि निवेदन दिनुपर्नेछ। एकैदिन एउटै स्थानमा एकभन्दा बढ़ी व्यक्ति, समूह वा संघसंस्थालाई कार्यक्रमको अनुमति प्रदान गरिने छैन।

१२. स्थानीय प्रशासनबाट तोकिएका शर्तहरू अतिरिक्त प्रचलित कानून बमोजिम कार्यहरू पालना गर्नुपर्नेछ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
☎०८३-५२०१२१
५२०१२२
५२०१२३

१३. विषयगत कानूनको साथै स्थानीय प्रशासनले आवश्यकता अनुसार तोकेको अन्य शर्तको पालना गर्नुपर्नेछ।

उपर्युक्त बमोजिमका शर्त पालना गरी कार्यक्रम आयोजना तथा सञ्चालन व्यवस्थापन गर्न मञ्जुर छु, छौ भनी सहीछाप गर्नेको:

नामः

मितिः

मितिः २०८२/०७/१३
नेपाल संवत्: ११४६

प्रमुख जिल्ला अधिकारी